नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
कञ्चनपुर

फोन नं. : ५२११०९
५२११७८
५२१११०
फयाक्स नं. :५२४९९०

## प्रमुख जिल्ला अधिकारीबाट जारी आदेश

मितिः २०७८।०१।१४

विश्वभर फैलिदै गईरहेको नयाँ भेरियन्ट सहितको कोभिड-१९ को संक्रमण नेपालमा समेत फैलिई कञ्चनपुर जिल्लामा उच्चदरमा संक्रमण बढदै गएको सन्दर्भमा नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७८।०१।०६ गतेको निर्णय, संक्रामक रोग ऐन, २०२० को दफा २ एवं स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा ३ को अधिकार प्रयोग गरी मिति २०७८।०१।१६ गते विहान ६.०० बजे देखि मिति २०७८।०१।२२ गते राती १२.०० बजे सम्म यस जिल्लाभर लागू हुने गरी देहाय बमोजिम आदेश जारी गरिएको छ।

१. सवै प्रकारका सभा, सम्मेलन, गोष्ठी, तालिम, सेमिनार, सिनेमा हल, पार्टी प्यालेस, स्वमिङपूल, सपिङमल, मनोरञ्जनस्थल, सैलून, ब्यूटी पार्लर, जिमखाना, समूहमा खेलिने खेलकुद, पुस्तकालय, संग्रहालय आदि सञ्चालन गर्न नपाइने।

२. औषधी तथा स्वास्थ्य सामग्री सम्बन्धी पसल व्यवसाय बाहेकका अन्य पसल व्यवसाय बन्द गर्ने। तर तरकारी, फलफूल तथा खाद्य सामग्रीका पसल व्यवसाय जनस्वास्थ्य सुरक्षा मापदण्डको पूर्ण रुपमा पालना गर्ने गरी विहान ६:०० बजे देखि ९:०० बजे सम्म सञ्चालन गर्ने।

३. अत्यावश्यक बाहेक अन्य सार्वजनिक सेवा हाललाई स्थगन गर्ने।

४. अत्यावश्यकीय वस्तु तथा सेवा (एम्बुलेन्स, शववाहन, दमकल, खानेपानी, स्वास्थ्य, खाद्यान्न, तरकारी, फलफूल, इन्धन, खाना पकाउने ग्याँस, दुध तथा दुग्धजन्य पदार्थ, औषधी तथा स्वास्थ्यसँग सम्बन्धित सामान तथा सेवा, अस्पताल जाने आउने बिरामीको लागि प्रयोग गर्ने सवारी साधन, बैक तथा वित्तीय संस्था, दूरसंचार, इन्टरनेट, क्वारेन्टिन, आइसोलेसन, फोहोरमैला व्यवस्थापन लगायत) का ढुवानी तथा यातायात साधन बाहेक अन्य सार्वजनिक एवं निजी सवारी साधन सञ्चालन गर्न नपाईने।

५. सरकारी कार्यालय लगायतका सार्वजनिक सेवा प्रदायक संस्था एवं अत्यावश्यक काम तथा विकास निर्माण कार्यमा प्रयोग हुने ढुवानीका साधनको हकमा सम्बन्धित आयोजना वा कार्यालय प्रमुखको सिफारिसको आधारमा प्रमुख जिल्ला अधिकारीबाट जारी भएको सवारी पास लिई सवारी साधन प्रयोग गर्न पाइने।

६. नेपाल सरकारका कर्मचारी, बैंक तथा वित्तीय संस्था र अन्य अत्यावश्यक सेवामा कार्यरत कर्मचारीको हकमा कार्यालयले जारी गरेको परिचयपत्रको आधारमा आवतजावत गर्न दिने।

७. संचारकर्मीको हकमा नेपाल पत्रकार महासंघको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट जारी भएको पासको आधारमा आवतजावत गर्न सकिनेछ।

८. विवाह वा ब्रतबन्धको हकमा बढीमा १५ जनासम्म जनस्वास्थ्य सुरक्षा मापदण्डको पूर्ण पालना गर्ने गरी प्रमुख जिल्ला अधिकारीको पूर्व अनुमति लिएर मात्र गर्ने।

९. महत्वपूर्ण विकास आयोजनाको हकमा प्रमुख जिल्ला अधिकारीको पूर्व स्वीकृति लिई जनस्वास्थ्य सुरक्षा मापदण्डको पूर्ण पालना गरी सञ्चालन गर्न सकिनेछ।

राम कुमार महतो
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
कञ्चनपुर

फोन नं. : ५२११०९
५२११७८
५२१११०
फयाक्स नं. :५२४९९०

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय

१०. भारतबाट कञ्चनपुरको नाका हुँदै नेपाल प्रवेश गर्ने कञ्चनपुर जिल्लाको नागरिकको हकमा सम्बन्धित स्थानीय तहको समन्वयमा क्वारेन्टिन/आइसोलेसनमा बस्नु पर्ने तथा कञ्चनपुर जिल्ला बाहिरका नागरिकको हकमा नाकामा रहेको हेल्थ डेक्समा स्वास्थ्य परीक्षण पश्चात होल्डिङ सेन्टरबाट सम्बन्धित स्थानीय तहको समन्वयमा गन्तव्य तर्फ पठाईनेछ ।

११. कञ्चनपुर जिल्लामा प्रवेश गर्ने व्यक्तिहरुले अनिवार्य रुपमा स्थानीय तहले तोकेको क्वारेन्टिन/होम आइसोलेसनमा बस्नु पर्ने ।

१२. कुनै पनि व्यक्ति आवश्यक काममा बाहेक हिडडुल गर्न पाइने छैन ।

१३. कोभिड-१९ को कारण देखाई दैनिक उपभोग्य बस्तु, स्वास्थ्य सामाग्रीहरुको बजारमा कृत्रिम अभाव सृजना गर्ने, कालोबजारी गर्ने, मूल्यबृद्धि गर्ने, म्याद सकिएका खाद्यबस्तुको रिलेबलिङ गर्ने जस्ता कानून बिपरितको कार्य गर्ने जो कोहीलाई कडा कारवाही गरी सार्वजनिक गरिनेछ ।

यस आदेशको पालना गर्नु गराउनु सम्बन्धित सबैको कर्तव्य हुनेछ । आदेशको उल्लंघन गर्ने वा आदेशको पालना गर्ने गराउने कार्यमा अवरोध गर्ने उपर प्रचलित कानून बमोजिम कारवाही हुनेछ ।

२०७८/०१/१४

राम कुमार महतो
प्रमुख जिल्ला अधिकारी